आज मिति २०८२ साल भाद्र ३१ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १३० औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

# १३० औ कार्यपालिका बैठकका कार्यसूचीहरु

१. लेखापाल विष्णु कुमारी शर्मालाइ लेखाको जिम्मेवारी दिइ खाता संञ्चालन सम्बन्धमा ।

२. आँधिखोलाको विभिन्न १३ घाटहरुको IEE प्रतिवेदन अद्यावधिक सम्बन्धमा ।

३. ढुङ्गा, गिट्टी, बालुवा लगायतका अवैध चोरि निकासी भएका नदीजन्य पदार्थको जरिवाना सम्वन्धमा ।

४. चालू आ.व. २०८२/८३ को लागि निर्धारण गरिएको घरजग्गाको मालपोतको करको दर सम्बन्धमा।

५. आ.व. २०८१/८२ को बार्षिक कार्यसम्पादन समिक्षा सम्बन्धमा ।

६. विद्यालय कार्यालय सहयोगी, बालशिक्षा सहजकर्ता र विद्यालय लेखा कर्मचारीको करार सेवा तर्फको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

७. आयोजनाको म्याद थप गर्ने सम्बन्धमा ।

८. आयोजना संञ्चालनको क्रममा निस्केका नदीजन्य पदार्थको उपयोग तथा निगरानि सम्वंन्धमा ।

९. नगरपालिकाको लागि आवश्यक मेकानीकल सब-इन्जिनियर (१ जना) र टिप्पर चालक पदपूर्ति सम्बन्धमा ।

१०. संघिय सरकार विशेष अनुदान कृषि तथा पशु विकास तर्फको बजेट बाँडफाँट सम्बन्धमा ।

११. वडादशैको अवसरमा विभिन्न मन्दिर/कोटहरुमा दुर्गा पुजा तथा वली व्यवस्थापनका लागि बजेट विनियोजन सम्बन्धमा ।

१२. विविध ।

क) जनस्वास्थ्य निरीक्षक अन्जु सापकोटाको MPH अध्ययनको लागि पूर्व स्वीकृति सम्बन्धमा ।

ख) सूचना प्रविधि अधिकृतको सातौ तह कायम सम्बन्धमा ।

ग) शोक प्रस्ताव सम्बन्धमा ।

## मिति २०८२।०५।३१ गतेको १३० औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिका कार्यालयमा कार्यरत लेखा अधिकृत हालसालै निवृत्त हुनुभएको र हालसम्म अर्को लेखा अधिकृतको व्यवस्थापन भइ नसकेको हुँदा हाललाइ यस नगरपालिकामा कार्यरत लेखापाल विष्णु कुमारी शर्मा लाइ लेखाको जिम्मेवारी दिइ प्रमुख प्रशासकीय अधिकृत र लेखापालको नामवाट बैङ्कखाता संञ्चालन गर्न कोष तथा लेखा नियन्त्रण कार्यालय, स्याङ्जालाइ सिफारिस गरी पठाउने।

निर्णय नं २

यस नगरपालिका अन्तर्गतको आँधिखोलाका विभिन्न १३ वटा घाटहरुको आर्थिक वर्ष २०८१/८२ मा तयार भएको IEE प्रतिवेदन परामर्श सेवामार्फत नियमानुसार प्रक्रिया गरी अद्यावधिक गर्ने ।

निर्णय नं ३

भीरकोट नगरपालिका अन्तर्गतको खोलाबाट अवैध रुपमा चोरी निकासि/ढुवानी/डम्पिङ्ग गरेको नदिजन्य पदार्थको नगरपालिकाको प्राविधिकले मापन गरेबमोजिम परिमाणको तोकिए बमोजिमको रोयल्टि रकमको १० प्रतिशतले हुन आउने रकम जरिवाना निर्धारण गर्ने। साथै मिति २०८२ भाद्र ११ मा जिल्ला अनुगमन समितिले प्राविधिक नापजाँच गरेको आधिखोलाको किनारामा डम्पिङ्ग गरिएका अवैध निर्माण सामाग्री ५६७.५ घनमिटर मध्येबाट ७८.८४ घनमिटर परिमाणको तेज नारायण श्रेष्ठले मागदावि गरेको भनी वडा नं. ०४ कार्यालयबाट लेखिआएकाले निजलाइ नियमानुसार राजश्व र जरिवाना लिई अन्यको हकमा आवश्यक कारवाहिका लागि जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा लेखि पठाउने ।

निर्णय नं ४

चालु आ.ब.२०८२/८३ का लागि नगरपालिकाको मिति २०८२/०१/३१ गतेको राजश्व परामर्श समितिको निर्णय बमोजिम आर्थिक ऐन,२०८२ मा तोकिएको जग्गाहरुको दररेट बमोजिमको मालपोत करको दर निर्धारण गर्ने ।

निर्णय नं ५

गत आ.ब. २०८१/८२ मा भीरकोट नगरपालिकाबाट सम्पादित नीति, योजना तथा कार्यक्रमहरुको सन्दर्भमा वार्षिक समिक्षा कार्यक्रम मिति २०८२/६/८ गते बिहान ११.०० बजे आयोजना गर्ने।

निर्णय नं ६

भीरकोट नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत विद्यालय सहयोगी कर्मचारी, बालशिक्षा सहजकर्ता र विद्यालय लेखा कर्मचारीहरुलाइ चालु आ.व.२०८२/८३ मा संघिय सर्शत बजेटमा नपुग हुने रकम नगरपालिकाबाट थप हुने गरी तपसिल बमोजिम पारिश्रमिक निर्धारण गर्ने।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

तपसिल

| क्र.स. | विद्यालयको कर्मचारीको पद | संघीय सशर्तबाट प्राप्त | नगरपालिकाबाट थप | कुल मासिक पारिश्रमिक रु. |
|---|---|---|---|---|
| १ | विद्यालय सहयोगी कर्मचारी | १०००० | ७००० | १७००० |
| २ | बालशिक्षा सहजकर्ता | १२००० | ५००० | १७००० |
| ३ | विद्यालय लेखा कर्मचारीहरु | १५००० | ४५०० | १९५०० |

निर्णय नं ७

भीरकोट नगरपालिका अन्तर्गत वडा नं. ४ मा आ.व.२०८१/८२ मा संञ्चालित तपसिल बमोजिमको आयोजनाको तपसिल बमोजिम म्याद थप गर्ने ।

तपसिल

| आयोजनाको नाम | ठेक्का नं. | हाल म्याद कायम भएको अवधि | म्याद थप भएको अवधि | |
|---|---|---|---|---|
| Construction of swimming Pool Fountain and changing room at Bheerkot Park | BM/CSPFCK/NBC/10/081-82 | २०८२/०५/३० | २०८२ पौष मसान्त | |

निर्णय नं ८

ग्राण्ड एस के शिव जे.भी. निर्माण व्यवसायीले भीरकोट नगरपालिका वडा नं ४ अन्तर्गत संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीबाट आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजन भई कार्यान्वयनमा रहेको एकीकृत शहरी विकास योजना, भीरकोट आयोजना निर्माणको क्रममा निस्केका ढुङ्गा, गिट्टी वालुवा लगायतका नदिजन्य पदार्थहरु अन्यत्र ढुवानी गरी प्रयोग गर्न पाउने/नपाउने सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायिसँग आधिकारिक प्रमाण वा कागजात भए/नभएको यकिन गर्ने र सो नभएमा प्रचलित कानुन बमोजिम कारवाहि प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं ९

भीरकोट नगरपालिका कार्यकालयको लागि आवश्यक १ जना मेकानिकल सब-इन्जिनियर करार सेवामा पदपुर्ति गर्ने । साथै नगरपालिकाले खरिद गरेको टिप्पर चालकको पदपुर्ति प्रक्रिया अगाडि बढाउने ।

लक्ष्मण न्यौपाल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १०

संघिय सरकारको विशेष अनुदान कृषि तथा पशु विकास तर्फको एकिकृत कृषि विकास कार्यक्रम शिर्षकको बजेट रकम रु ६७ लाख तपसिल बमोजिम विनियोजन गर्ने ।

तपसिल

क) कृषि विकास तथा प्रवर्द्दन अन्तर्गतः-

| क.स. | कार्यक्रम शिर्षक | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|
| १. | खायन आलु उत्पादन कार्यक्रम | १०,००,००० | ५०% अनुदान |
| २. | साझेदारीमा फलफुलको विरुवा वितरण कार्यक्रम | ४,००,००० | ५०% अनुदान |
| ३. | जिल्ला वन कार्यालयसँग साझेदारी | १,००,००० | |
| ४. | अभियानमुखी बाली उपचार कार्यक्रम | १,५०,००० | |
| ५. | वैमौसमी तरकारी खेति प्रबर्द्धन कार्यक्रम | ३,५०,००० | |
| ६. | साझेदारीमा कृषि औजार, मेशिनरी, उपकरण वितरण र मर्मत कार्यक्रम | १०,००,०००/- | ५०% अनुदान |
| ७. | सिंचाई कुलो निर्माण | १०,००,०००/- | |
| ८. | आधुनिक सिंचाई प्रविधि निर्माण एवं वितरण कार्यक्रम | ३,००,०००/- | |
| ९. | पाइप खरिद(सिचाई) | ५,५०,०००/- | |

ख) एकिकृत पशुपालन विकास तथा प्रवर्द्दन अन्तर्गतः-

| | | | |
|---|---|---|---|
| १. | एकिकृत व्यवसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम | ९,००,०००/- | |
| २. | हिउदे तथा बर्षे घाँसको विउ तथा वेर्ना वितरण | १,५०,०००/- | ५०% अनुदान |
| ३. | कृषकको क्षमता विकासको लागि पशुपालन तालिम संचालन | २,००,०००/- | |
| ४. | कृत्रिम गर्भाधान कार्यक्रम | १,५०,०००/- | |
| ५. | अनुदान कार्यक्रम अनुगमन एवं मुल्यांकन | ३,००,०००/- | |
| ६. | रागो पाल्ने लाइ प्रोत्साहन | १,५०,०००/- | |
| | जम्मा | ६७,००,००० | |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं ११
नेपालिहरुको महान चाड वडादशैको अवसरमा भीरकोट नगरपालिका अन्तर्गतका कोट तथा मन्दिर एवं अन्य कार्यालयमा दुर्गा पुजा तथा वली व्यवस्थापनका लागि देहायको रकम विभिन्न जनजातीको संस्कृति जगेर्ना कार्यक्रम शिर्षकबाट खर्च गर्ने गरी विनियोजन गर्ने ।

तपसिल

| क्र.स. | मन्दिर/कोट/कार्यालय | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | ढापुककालिका मन्दिर वडा नं. ०८ | १०,०००। | |
| २ | कालिकोट मन्दिर वडा नं. ०९ | १०,०००। | |
| ३ | देउरालि मन्दिर वडा नं. ०६ | १०,०००। | |
| ४ | दबुङ कालिका मन्दिर वडा नं. ०४ | १०,०००। | |
| ५ | स्वरेक मन्दिर वडा नं. ०५ | १०,०००। | |
| ६ | खिलुङ कालिका मन्दिर वडा नं. ०७ | १०,०००। | |
| ७ | प्रहरी चौकि दहथुम | २०,०००। | |
| ८ | सिरकोट प्रहरी | १०,०००। | |
| ९ | भीरकोट नगरप्रहरी | १०,०००। | |
| १० | भीरकोट वडामौला कालिका मन्दिर १,२,३ | ६०,०००। | |

निर्णय नं १२
भीरकोट नगरपालिका अन्तर्गतको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत अन्जु सापकोटाले देश तथा विदेश स्थित शिक्षण संस्थाहरुमा Master In Public Health(MPH) अध्ययनका लागि गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ तथा नियमावलि,२०८० बमोजिम पूर्वस्वीकृति दिने ।

निर्णय नं १३
भीरकोट नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत साविकमा छैठौं तहमा नियुक्ति सोहि वमोजिम करार सम्झौता भएकोमा स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि,२०८२ को परिच्छेद ३ को दफा ६ बमोजिम मिति २०८२/०४/०१ गतेदेखि लागु हुनेगरी सातौ तह कामय गर्ने ।

निर्णय नं १४
मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा जेन जी (Gen Z) समूहद्वारा देशका बिभिन्न स्थानमा भएका आन्दोलनको क्रममा भएको धनजनको क्षति तथा मृतकप्रति भावपूर्ण श्रदाञ्जलि अर्पण गर्ने साथै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दै शोक प्रस्ताव पारित गर्ने ।

त्रिलोचन प्रमाणित ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १५

भीरकोट नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को सडक सरसफाईका लागि विनियोजित बजेटको कार्यान्वयनका लागि हेभी इक्वेपमेन्ट तथा सवारी साधन भाडामा लिई संचालनार्य दररेट निर्धारणका लागी प्रकाशित सूचना को आधारमा कायम हुन आएको न्युनतम दररेट डोजर प्रतिघण्टा रु. २३०० (भ्याट बाहेक), एक्साभेटर प्रतिघण्टा रु. ५५०० (भ्याट वाहेक) तथा ट्रिपर रु. १५५० (भ्याट वाहेक) स्विकृत गर्ने । साथै बाटो सरसफाई गर्दा देहायका बुँदाको परिपालना गर्ने

क. नगरपालिकामा सुचिकृत व्यवसायीसँग हेभी इक्वीपमेन्ट उपयोग गर्ने ।

ख. सम्वन्धित वडा अध्यक्षले सूचीकृत व्यवसायीसँग हेभी इक्वीपमेन्ट संचालनको सम्झौता गर्ने, सो सम्झौताको ढाँचा नगरपालिकाले तोकेबमोजिम हुने ।

ग. वडाका जनप्रतिनिधीहरुको प्रत्यक्ष रोहवरमा सडक सरसफाईको कार्य गर्ने, सरसफाईको क्रममा वडाका प्राविधिक तथा नगरपालिका बाट अनुगमन गर्ने ।

घ. भुक्तानीको क्रममा सम्बन्धित वडा समितिको सिफारिस, सवारी लगबुक, प्राविधिक मुल्यांकन, अनुगमन समितिको निर्णय समेतका आधारमा भुक्तानीको लागि प्रक्रिया अगाडि बढाउने ।

ङ. सडक सरसफाई गर्दा वडाको सिलिङ भन्दा बढी रकम खर्च नगर्ने । विभिन्न दैवी प्रकोप, महामारी आदीको कारणवाट तोकिएको सिलिङ भन्दा बढी रकम खर्च गर्नु परेमा नगरसभाको निर्णय अनुसार बजेट संशोधन गरी कार्यान्वयन गर्ने । आगामी आर्थिक वर्षमा दायित्व सृजना गर्नेगरी काम नगर्ने।

च. नगरपालिकावाट खटिएका प्राविधिक कर्मचाचरी र सम्बन्धित वडा अध्यक्षवाट अनिवार्य रुपमा डोजर चलेको समय(घन्टा) अनिवार्य प्रमाणित गर्ने व्यवस्था मिलाउने।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार [illegible]
नगर प्रमुख